# लिखु गाउँपालिका
# राजश्व परामर्श समितिको प्रतिवेदन
# आ.व. २०७७/७८

## १. पृष्ठभूमिः

गाउँपालिकाको विकास निर्माण र सुशासन ब्यवस्थापनमा कर्मचारीहरुको प्राथमिक जिम्मेवारी रहनु र गांउ भित्र क्रियाशील राजनैतिक दल र सामाजिक कार्यकर्ताहरुको परामर्शीय भूमिका मार्फत गाउँपालिकाका निर्वाचित प्रतिनिधिहरुवाट नीति निर्माण र शासन ब्यवस्थापन हुने क्रमको सुरुवात भएको छ । यस अवस्थामा गाउँपालिकाको वढ्दो खर्च धान्नका लागि र स्थानीय तहको सामर्थ्य वृद्धि गर्नका लागि पनि गाउँपालिकाको राजस्व वृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ ।

वर्तमान समयमा नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र गाउँपालिकाको आर्थिक ऐनद्वारा गाउँपालिकालाई उपलब्ध वित्तीय अधिकार तथा प्रचलित कानून अनुकुल आन्तरिक आय र राजस्व परिचालनमा सुधार ल्याउनको लागि तत्काल थप तथा योजनाबद्ध प्रयास थाल्नुपर्ने देखिन्छ ।

गाउँपालिकाले प्राप्त स्वायत्त अधिकारको प्रयोग र स्थानीय स्रोत साधनको परिचालन गर्न गाउँपालिकाको राजस्व प्रशासन क्षमता सुधार गर्नुपर्ने देखिएको छ ।गाउँपालिकाले उपयूक्त मानव स्रोतको व्यवस्था, क्षमता विकास तालिम, कम्प्युटरीकृत राजस्व अभिलेख तथा सूचना प्रणाली सहित राजस्व परिचालनका लागि सुदृढ राजस्व शाखाको व्यवस्था गर्नुपर्ने देखिन्छ । यसका साथै करको दर तथा दायरा पहिचान एवं विश्लेषण गरि उपयुक्त नीतिगत व्यवस्था समेत गर्नुपर्ने आवश्यकता देखिन्छ । नीतिगत सुधार, राजस्व शाखाको स्तरोन्नति, अनुगमन तथा नियन्त्रण प्रणालीको स्थापना, उत्प्रेरणात्मक विधिहरुको अवलम्वन, नागरिक केन्द्रित राजश्व प्रशासन, करदाता शिक्षा जस्ता पक्षहरुलाई सम्वोधन गर्ने गरी राजश्व क्षेत्रमा सुधार गर्नुपर्ने देखिन्छ ।

नेपालको संविधान र प्रचलित कानूनले आर्थिक तथा प्रशासनिक सक्षमताका आधारमा भंसार महसुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा आयकर लगाउने अधिकार केन्द्रीय सरकारलाई दिएको छ । घरजग्गा रजिष्ट्रेशन दस्तुर, सवारी साधन कर, मनोरन्जन कर, विज्ञापन कर, कृषिमा आयकरलगाउने अधिकार प्रदेशको अधिकार क्षेत्रभित्र राखिएको छ भने मालपोत/भूमिकर, सम्पत्ति कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, सम्पत्ति कर, घर बहाल कर र व्यवसाय करलाई स्थानीय तहको अधिकार क्षेत्रभित्र राखिएको छ । यसैगरी गैर करहरुमा राहादानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क र दण्ड जरिवाना लगाउने अधिकार केन्द्रीय सरकारलाई, पर्यटन शुल्क, सेवा शुल्क तथा दण्ड जरिवाना लगाउने अधिकार

प्रदेश सरकारलाई र सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना लगाउने अधिकार स्थानीय सरकारलाई दिइएको छ । प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी केन्द्र, प्रदेश र स्थानीय सबै तहको सरकारले पाउने व्यवस्था गरिएको छ भने कुनैपनि तहको सरकारले कर लगाउन सक्ने भनेर उल्लेख नभएका विषयमा कर लगाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे अनुसार हुने व्यवस्था छ ।

यस प्रतिवेदनमा चालू आ.व.को आन्तरिक आयको वर्तमान अवस्था, गाउँपालिकाले लिन पाउने मालपोत/भूमिकर, सम्पत्ति कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, सम्पत्ति कर, घर बहाल कर र व्यवसाय कर र सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवानाको सम्वन्धमा दर र दायरा विश्लेषण एवं आगामी आ.व. को प्रक्षेपण सहितको तीन आ.व.को तुलनात्मक विश्लेषण प्रस्तुत गरिएको छ ।

## २. आन्तरिक आयको मौजुदा अवस्थाः

लिखु गाउँपालिकाको आ.व. २०७६/७७ र २०७७/७८ को दोश्रो चौमासिक सम्मको आन्तरिक आयको वडागत विवरण सहितको मौजुदा अवस्था देहाय बमोजिम रहेको छः

# आन्तरिक आयको विवरणः आ.व. २०७६/७७

| राजश्व शिर्षक | शिर्षक | गापा. | वडा न. १ | वडा न. २ | वडा न. ३ | वडा न. ४ | वडा न. ५ | वडा न. ६ | वडा न. ७ | वडा न. ८ | वडा न. ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११३११ | सम्पति कर | १००९०५ | १३८०० | ३००० | २२६०० | २११०० | ५८२०० | ३८४०० | ४२८०० | ९७०० | ५०००० | ३६०५०५ |
| ११३१४ | भूमिकरमालपोत/ | ४२७५ | १८७३ | ४४६८ | १२३५२ | १८८७१ | १५१८३ | २०८२५ | १८११० | ९६३७ | २०२९२ | १२५८८६ |
| ११३२१ | घर बहाल कर | १४४९९५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १४४९९५ |
| ११३२२ | बहाल बिरौटी कर | १२००० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १२००० |
| ११४७२ | विज्ञापन कर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ११४७३ | मनोरञ्जन कर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ११६१३ | व्यावसाय कर | ५३९६१ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५३९६१ |
| ११६१४ | रेडियो सञ्चालन दस्तुर | १२६०० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १२६०० |
| ११६३१ | कृषि तथा पशुजन्य बस्तुको व्यवासायिक कारोबारमा लाग्ने कर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १४१७२ | खानी रोयल्टी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १४१७६ | पर्यटन सेवा शुल्क | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १४१७७ | घर जग्गा रजिष्ट्रेसन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १४२१२ | सरकारि सम्पतिको बिक्रीबाट प्राप्त रकम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ८१००० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ८१००० |
| १४२२१ | न्यायिक दस्तुर | ३००० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३००० |
| १४२२४ | परिक्षा शुल्क | ४९३०० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४९३०० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ४३७७४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४३७७४ |
| १४२४१ | पार्कीङ्ग शुल्क | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १४२४३ | सिफारिस दस्तुर | ३७२९६४ | ८२०० | १०००० | ६००० | ७००० | १२१०० | ६९०० | ४७०० | ० | १८००० | ४४५८६४ |
| १४२४४ | व्याक्तिगत घटना दर्ता दस्तुर | २५५०० | | | | | | | | | | २५५०० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १४२४५ | नाता प्रमाणीत दस्तुर | ७२९२५ | ९०० | ३००० | ५०० | १५०० | ६०० | ० | ० | ० | १६०० | ८१०२५ |
| १४२४९ | अन्य दस्तुर | ३८५६१ | १००० | ८०० | ४०० | ० | १००० | ० | ० | ० | १२०० | ४२९६१ |
| १४३१२ | प्रशासनिक दण्ड जरिवाना र दस्तुर र नक्सा पास ठेक्का पट्टा | २५९४०० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २५९४०० |
| १४३४४ | व्यवसाय दर्ता शुल्क | १०२२०० | ० | ० | ० | ० | ५००० | ० | ० | ० | १२००० | ११९२०० |
| १५१११ | बेरुजु | २१९०० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २१९०० |
| **जम्मा** | | **१३९९२६०** | **२५७७३** | **२१२६८** | **४१८५२** | **४८४७१** | **९२०८३** | **६६१२५** | **६५६१०** | **१९३३७** | **१०३०९२** | **१८८२८७०.६३** |

## आन्तरिक आयको विवरणः आ.व. २०७७/७८ चैत्र मसान्त सम्म

| राजश्व शिर्षक | शिर्षक | गापा. | वडा न . १ | वडा न. २ | वडा न. ३ | वडा न . ४ | वडा न . ५ | वडा न . ६ | वडा न. ७ | वडा न. ८ | वडा न. ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११३११ | सम्पति कर | ००. | १३१५६ | ५३५४० | ५३५२९ | १४६४० | ४०४८० | ३८५४० | ५६६६० | ९६२५० | ३८२५० | ४०५०४५ |
| ११३१४ | भूमिकरमालपोत/ | ० | ९३५१ | २५३७४ | १८९२० | ४५०३ | ११८४५ | २२७३३ | २४४६३ | ६१४३३ | ३०२६६ | २०८८८८ |
| ११३२१ | घर बहाल कर | ७८९६७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ७८९६७ |
| ११३२२ | बहाल बिरौटी कर | २६००० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २६००० |
| ११४७२ | विज्ञापन कर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ११४७३ | मनोरञ्जन कर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ११६१३ | व्यावसाय कर | ३९२२५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३९२२५ |
| ११६१४ | रेडियो सञ्चालन दस्तुर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ११६३१ | कृषि तथा पशुजन्य बस्तुको व्यवासायिक कारोबारमा लाग्ने कर | ४८०० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४८०० |
| १४१७२ | खानी रोयल्टी | ७५०००० | ० | १००००० | ४०००० | ० | ० | ० | ० | ० | ३०००० | ९२०००० |
| १४१७६ | पर्यटन सेवा शुल्क | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १४१७७ | घर जग्गा रजिष्ट्रेसन | २५२९६६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २५२९६६ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १४२१२ | सरकारि सम्पतिको बिक्रीबाट प्राप्त रकम | ८५०० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ८५०० |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १४२२१ | न्यायिक दस्तुर | २५३० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २५३० |
| १४२२४ | परिक्षा शुल्क | ३८६०० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३८६०० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ८०२५० | ३१३० | ३९०० | १६९० | ९१० | १३० | ३२०० | ३७०० | २००० | ३७०० | १०२६१० |
| १४२४१ | पार्कीङ्ग शुल्क | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १४२४३ | सिफारिस दस्तुर | ९२६२० | ८३७० | १९५३० | १९६८२ | १५३९० | १०५३६ | १९९७० | २९३७१ | २५५७९ | १२२५० | २५३२९९ |
| १४२४४ | व्याक्तिगत घटना दर्ता दस्तुर | ० | ६५० | ३६४० | २१६० | १७३० | ० | ५८५० | ४८१० | ५८०० | ६२० | २५२६० |
| १४२४५ | नाता प्रमाणीत दस्तुर | ० | ३९० | ३५६० | ९१० | १०२७० | १३९० | ३३८० | ७४१० | ४५२० | १२५० | ३३०८० |
| १४२४९ | अन्य दस्तुर | ३४२५० | २६० | १५०० | ६२० | ० | १२०० | ३८२० | ५५५० | ७४८० | ३०९० | ५७७७० |
| १४३१२ | प्रशासनिक दण्ड जरिवाना र दस्तुर र नक्सा पास ठेक्का पट्टा | १२५० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १२५० |
| १४३४४ | व्यवसाय दर्ता शुल्क | २५४७०० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २५४७०० |
| १५१११ | बेरुजु | १९४२३५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १९४२३५ |
| **जम्मा** | | १८५८८९३ | **३५३०७** | २११०४४ | १३७५११ | ४७४४३ | ६५५८१ | ९७४९३ | १३१९६४ | २०३०६३ | ११९४२६ | २९०७७२५ |

## ३. आगामी आ.व. का लागि राजश्व नीतिः

आ.व. २०७८/७९ का लागि यस गाउँपालिकाको राजश्व नीति देहाय बमोजिम प्रस्ताव गरिएको छः

- करदाता शिक्षा प्रभावकारी बनाउने ।
- करका दर र दायरा वैज्ञानिक आधारमा विश्लेषण गरि विस्तार गर्ने ।
- राजश्व प्रशासन सूचना प्रविधिमा आधारित बनाई सुदृढिकरण गर्ने ।
- राजश्व सुधार कार्ययोजना तर्जुमा गर्ने ।
- सबै प्रकारका व्यवसायलाई करको दायरामा ल्याउने ।
- प्राकरतिक तथा नदीजन्य श्रोतको उपयोगलाई करको क्षेत्र भित्र ल्याउने ।
- भवन तथा नक्सा पासलाई अनिवार्य गर्ने ।
- अनुगमन तथा मुल्यांकन समयाबद्ध तथा वैज्ञानिक बनाउने ।

## ४. आगामी आ.व. का लागि प्रस्तावित राजश्व दरः

आगामी आ.व.का लागि देहाय बमोजिम राजश्वको दर प्रस्ताव गरिएको छः

### ४.१ सम्पत्ति कर (राजश्व शीर्षक- ११३११)

सम्पत्ति कर प्रत्येक आर्थिक वर्ष शुरु भएको प्रथम त्रैमासिक भित्र देहाय बमोजिम संकलन गर्ने र उल्लेखित समयावधि भित्र करदाताले नबुझाएमा बुंदा ४.१४ बमोजिम जरिवाना लिने ।

| क्र.स. | घरधुरी कर | चालू आ.व.को दर (रू) | प्रस्तावित दर (रु) |
|---|---|---|---|
| १ | एक तले कच्ची प्रति घर | २२०.०० | २२०.०० |
| २ | एक तले पक्की प्रति घर | ५५०.०० | ५५०.०० |
| ३ | दुई तले कच्ची प्रति घर | ३००.०० | ३००.०० |
| ४ | दुई तले पक्की प्रति घर | ११००.०० | ११००.०० |
| ५ | तीन तले भन्दा माथी कच्ची प्रति घर | ३५०.०० | ३५०.०० |
| ६ | तीन तले भन्दा माथी पक्की प्रति घर | २५००.०० | २५००.०० |

### ४.२ भूमि कर/मालपोत (राजश्व शीर्षक- ११३१४)

भूमिकर/मालपोत कर प्रत्येक आर्थिक वर्ष शुरु भएको प्रथम त्रैमासिक भित्र देहाय बमोजिम संकलन गर्ने र उल्लेखित समयावधि भित्र करदाताले नबुझाएमा बुंदा ४.१४ बमोजिम जरिवाना लिने ।

| क्र.सं. | बारी/खेत | चालू आ.व.को दर (रू) | प्रस्तावित दर (रु) |
|---|---|---|---|
| | **बारी** | | |
| १ | अब्बल १० रोपनी भन्दा कम | **३०.००** | **३०.००** |
| २ | अब्बल १० रोपनी भन्दा बढी | **प्रतिरोपनी थप ३.००** | **प्रतिरोपनी थप ३.००** |
| ३ | दोयम १० रोपनी भन्दा कम | **२५.००** | **२५.००** |
| ४ | दोयम १० रोपनी भन्दा बढी | **प्रतिरोपनी थप २.००** | **प्रतिरोपनी थप २.००** |
| ५ | सिम १० रोपनी भन्दा कम | २०.०० | २०.०० |
| ६ | सिम १० रोपनी भन्दा बढी | **प्रतिरोपनी थप १.५०** | **प्रतिरोपनी थप १.५०** |
| ७ | चहार १० रोपनी भन्दा कम | **१५.००** | **१५.००** |
| ८ | चहार १० रोपनी भन्दा बढी | **प्रतिरोपनी थप १.००** | **प्रतिरोपनी थप १.००** |
| | **खेत** | | |
| १ | अब्बल १० रोपनी भन्दा कम | **५०.००** | **५०.००** |
| २ | अब्बल १० रोपनी भन्दा बढी | **प्रतिरोपनी थप ५.००** | **प्रतिरोपनी थप ५.००** |
| ३ | दोयम १० रोपनी भन्दा कम | ४०.०० | ४०.०० |
| ४ | दोयम १० रोपनी भन्दा बढी | **प्रतिरोपनी थप ४.००** | **प्रतिरोपनी थप ४.००** |
| ५ | सिम १० रोपनी भन्दा कम | **३०.००** | **३०.००** |
| ६ | सिम १० रोपनी भन्दा बढी | **प्रतिरोपनी थप २.५०** | **प्रतिरोपनी थप २.५०** |
| ७ | चहार १० रोपनी भन्दा कम | २०.०० | २०.०० |
| ८ | चहार १० रोपनी भन्दा बढी | **प्रतिरोपनी थप २.००** | **प्रतिरोपनी थप २.००** |

### ४.३ घर बहाल कर (राजश्व शीर्षक- ११३२१)

गाउँपालिकाको क्षेत्र भित्र रहेका स्थायी संरचनाहरु (घर, गोदाम, कम्पलेक्स आदि) भाडामा लगाउँदा प्राप्त आयमा १०% का दरले घरबहाल कर लाग्नेछ ।

### ४.४ बहाल बिटौरी शुल्क (राजश्व शीर्षक- ११३२२)

गाउँपालिका क्षेत्र भित्र लाग्ने दैनिक तथा साप्ताहिक हाटबजारमा प्रति दिन देहाय बमोजिमका दरले कर लाग्नेछः

| क्र.सं. | विवरण | चालू आ.व.को दर (रू) | प्रस्तावित दर (रु) |
|---|---|---|---|
| | **माछा मासु बिक्री सम्बन्धी** | | |
| १ | खसी, बोका काटी बिक्रि गर्दा प्रति गोटा | **१०.००** | **२०.००** |
| २ | सुंगुर बुंगुर काटी बिक्रि गर्दा प्रति गोटा | **१०.००** | **२०.००** |
| ३ | रांगा काटी बिक्रि गर्दा प्रति गोटा | **५०.००** | **५०.००** |

| | | | |
|---|---|---|---|
| ४ | जिउँदो खसी, बोका, सुंगुर वा रांगा बेच्ने प्रति गोटा | २०.०० | २०.०० |
| ५ | हाँस, परेवा वा कुखुरा वा अन्य पंक्षी बेच्ने प्रति गोटा | १०.०० | १०.०० |
| ६ | माछा बिक्री गर्ने | - | २०.०० |
| | **कपडा, जुत्ता तथा अन्य व्यवसाय सम्बन्धी** | | |
| ७ | रेडिमेड सामान तथा थान कपडा बिक्रि गर्ने | १०.०० | १०.०० |
| ८ | श्रृंगार सामग्री बिक्री गर्ने | ५.०० | १०.०० |
| ९ | मुरली, वांसुरी, गुलेली, थैली तथा कीटनाषक औषधी बेच्ने | ५.०० | १०.०० |
| १० | खेलौना बेच्ने | - | १०.०० |
| ११ | जुत्ता चप्पल बिक्रि गर्ने | १०.०० | १०.०० |
| १२ | जुत्ता चप्पल सिलाई गर्ने | ५.०० | ५.०० |
| १३ | खेल तमासा देखाउने | १०.०० | १०.०० |
| १४ | प्रचार प्रसार गरि बिक्री गर्ने | २०.०० | २०.०० |
| १५ | बाँस प्रति ट्र्याक्टर | १०.०० | ५०.०० |
| १६ | बाँस प्रति ट्रक | १००.०० | १००.०० |
| १७ | खटिया वा ठेलामा सामान बिक्रि गर्ने | ५.०० | १०.०० |
| १८ | फलामको औजार तथा सामान बिक्री गर्ने | १०.०० | १०.०० |
| १९ | भाँडाकुँडा बिक्री गर्ने | २०.०० | २०.०० |
| २० | फोटो फ्रेमिङ्ग गरि बिक्री गर्ने | १०.०० | १०.०० |
| २१ | मर्मत (कुकर, लाईट, छाता आदि) गर्ने | १०.०० | १०.०० |
| | **तरकारी तथा फलफूल सम्बन्धी** | | |
| २२ | फलफुल, साग सब्जी वा नास्ता बिक्री गर्ने (ठुलो) | १०.०० | १०.०० |
| २३ | फलफूल, साग सब्जी ल्याई बिक्री गर्ने (सानो) | ५.०० | ५.०० |
| | **खाद्यान्न सम्बन्धी** | | |
| २४ | किराना सामग्री | १०.०० | १०.०० |
| २५ | मकै पोली बेच्ने | ५.०० | ५.०० |
| | **परम्परागत शीप सँग सम्बन्धित** | | |
| २६ | माटाका भाँडा बेच्ने (ठुलो) | १०.०० | १०.०० |
| २७ | माटाका भाँडा बेच्ने (सानो) | ५.०० | ५.०० |
| २८ | कुची कुनिया नाङ्लो बेच्ने | ५.०० | ५.०० |
| २९ | जडिबुटी बिक्री गर्ने | १०.०० | १०.०० |

माथि उल्लेख नभएको दैनिक तथा साप्ताहिक हाटबजारमा व्यवसाय गर्नेको हकमा गाउँ कार्यपालिकाबाट निर्णय गरि रु १० देखि रु ५०० सम्म तोक्न सकिने ।

### ४.५ सवारी साधन कर (राजश्व शीर्षक- ११४५१)

| क्र.स. | सवारीको प्रकार | चालू आ.व.को दर (रू) | प्रस्तावित दर (रु) |
|---|---|---|---|
| १ | बस ट्रक ट्र्याक्टर र हेभी गाडी | २000.00 | २000.00 |
| २ | भाडाका कार जिप | १000.00 | १000.00 |
| ३ | निजी कार, जीप, मयुरी | ५00.00 | ५00.00 |
| ४ | स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधनमा | २00.00 | २00.00 |
| ५ | ठेलागाडा तथा रिक्सामा | २00.00 | २00.00 |

### ४.६ विज्ञापन कर (राजश्व शीर्षक- ११४७२)

| क्र.स. | विवरण | चालू आ.व.को दर (रू) | प्रस्तावित दर (रु) |
|---|---|---|---|
| १ | सार्वजनिक स्थानमा विज्ञापन वा साईनबोर्ड राखे बापत वार्षिक कर | १000.00 | १000.00 |

### ४.७ मनोरञ्जन कर (राजश्व शीर्षक- ११४७३)

- मनोरञ्जन कर ऐतिहासिक पुरातात्विक एवं धार्मिकस्थलहरुको व्यवस्थापन गरी स्थानीय वासीहरुको सहकार्यमा प्रवेश शुल्कको व्यवस्था गरी पर्यटकहरु वाट प्रवेश शुल्कको ५% रकम गाउँपालिकाले मनोरञ्जन कर वापत लिन सक्नेछ ।
- साँस्कृतिक प्रदर्शन हल, नाच घर , दोहोरी संगीत तथा अन्य मनोरञ्जन सामाग्री प्रदर्शनीमा प्रवेश शुल्कमा ५% मनोरञ्जन कर लाग्ने छ ।
- जादु, सर्कश, चटक र मेला आयोजना स्थलमा मनोरञ्जन कर वापत अनुमतिका लागि गरिने सिफारिस दस्तुरका अतिरिक्त प्रत्येक दिन रु ३००.०० लिईने छ ।

### ४.८ व्यवसाय रजिस्ट्रेशन दस्तुर (राजश्व शीर्षक- ११६१३)

| क्र.स. | विवरण | चालू आ.व.को दर (रू) | प्रस्तावित दर (रु) |
|---|---|---|---|
| | **नयाँ व्यवसाय दर्ता** | | |
| १ | १ लाख सम्मको | १000.00 | १000.00 |
| २ | १ लाख देखि ३ लाखसम्म | ३000.00 | ३000.00 |
| ३ | ३ लाख देखि ५ लाख सम्म | ५000.00 | ५000.00 |
| ४ | ५ लाख देखि १० लाख सम्म | ७000.00 | ७000.00 |

| | | | |
|---|---|---|---|
| ५ | १० लाख देखि २० लाख सम्म | १२०००.०० | १२०००.०० |
| ६ | २० भन्दा माथी १ करोड सम्म | २००००.०० | २००००.०० |
| ७ | १ करोड देखि ५ करोड सम्म | ३००००.०० | ३००००.०० |
| ८ | ५ करोड माथि | ५००००.०० | ५००००.०० |
| | **व्यवसाय नवीकरण** | | |
| ९ | सबै प्रकारका व्यवसाय नवीकरण | ५०.०० | १००.०० |
| | **वार्षिक व्यवसाय कर** | | |
| १० | १ लाख सम्म | ५००.०० | ७००.०० |
| ११ | १ लाख देखि ३ लाखसम्म | ७००.०० | १०००.०० |
| १२ | ३ लाखदेखि ५ लाख सम्म | ९००.०० | १३००.०० |
| १३ | ५ लाख देखि १० लाख सम्म | १५००.०० | २०००.०० |
| १४ | १० लाखदेखि २० लाख सम्म | १५००.०० | २२००.०० |
| १५ | २० भन्दा माथी १ करोड सम्म | २५००.०० | ३०००.०० |
| १६ | १ करोड देखि ५ करोड सम्म | ३५००.०० | ५०००.०० |
| १७ | ५ करोड माथि | ५०००.०० | ८५००.०० |

व्यवसाय सम्बन्धि कर प्रत्येक आर्थिक वर्ष शुरु भएको प्रथम त्रैमासिक भित्र माथि उल्लेख भए बमोजिम संकलन गर्ने र उल्लेखित समयावधि भित्र करदाताले नबुझाएमा बुंदा ४.१४ बमोजिम जरिवाना लिने ।

### ४.९ रेडियो/एफ.एम. सञ्चालन दस्तुर (राजश्व शीर्षक- ११६१४)

| क्र.स. | विवरण | चालू आ.व.को दर (रू) | प्रस्तावित दर (रु) |
|---|---|---|---|
| १ | रेडियो/एफ.एम. अनुमति दस्तुर | - | १५०००.०० |
| २ | रेडियो/एफ.एम. नवीकरण दस्तुर | - | ५०००.०० |

### ४.१० कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर (राजश्व शीर्षक- ११६३१)

| क्र.स. | विवरण | चालू आ.व.को दर (रू) | प्रस्तावित दर (रु) |
|---|---|---|---|
| १ | खोटो प्रति के.जी. | २% | २% |
| २ | टिमुर प्रति के.जी. | ५% | ५% |
| ३ | तेजपात प्रति के.जी. | ५% | ५% |
| ४ | चिउरी प्रति के.जी. | ५% | ५% |
| ५ | कुरिलो प्रति के.जी. | ५% | ५% |
| ६ | अलैची (प्रति के.जी.) | ७ % | ७ % |
| ७ | चिराईतो (प्रति के.जी.) | ७ % | ७ % |
| ८ | लौठ सल्लो (पात) प्रति के.जी. | ७ % | ७ % |
| ९ | पाखान बेद (प्रति के.जी.) | २% | २% |
| १० | ठूलो ओखती (प्रति के.जी.) | २% | २% |
| ११ | पदम चाल (प्रति के.जी.) | २% | २% |

| | | | |
|---|---|---|---|
| १२ | जटामसि (प्रति के.जी.) | २% | २% |
| १३ | काउलो (प्रति के.जी.) | २% | २% |
| १४ | लोक्ता (प्रति के.जी.) | २% | २% |
| १५ | अल्लो (प्रति के.जी.) | २% | २% |

### ४.११ सरकारी सम्पत्ति बहाल (राजश्व शीर्षक- १४१५१)

सरकारी सम्पत्ति बहाल भाडा सम्बन्धमा देहाय बमोजिम गर्ने सिफारिस गर्नेः

- स्थायी प्रकृतिका घर संरचना गाउँपालिकाले निर्माण गरि मासिक रुपमा भाडामा लगाउँदा संरचना निर्माणको लागत, व्यवसायको प्रकृति, करदाताको क्षमता लगयातका पक्षहरु विश्लेषण गरि गाउँ कार्यपालिकाको निर्णय बमोजिम मासिक भाडा दर तोक्ने र यसरी भाडा दर तोक्दा न्यूनतम मासिक रु ५००.०० भन्दा कम हुने छैन ।
- हेभी ईक्वीपमेन्ट भाडामा दिंदा प्रति घण्टा रु २०००.०० का दरले लिने र हेभी ईक्वीपमेन्टमा लाग्ने ईन्धन तथा सामान्य मर्मत बहालमा लिने व्यक्ति, समिति वा संस्थाले नै व्यहोर्ने ।

### ४.१२ पर्यटन सेवा शुल्क (राजश्व शीर्षक- १४१७६)

लिखु गाउँपालिकामा आउने स्वदेशी पर्यटकलाई रु २० र विदेशी पर्यटकलाई रु ५०० प्रवेश शुल्क लगाउने ।

### ४.१३ प्रशासनिक सेवा शुल्क, दस्तुर (राजश्व शीर्षक- १४२२० देखि १४२४९)

| क्र.सं. | राजश्व शीर्षक | विवरण | चालू आ.व.को दर (रू) | प्रस्तावित दर (रु) |
|---|---|---|---|---|
| १ | १४२२१ | न्यायिक समिति निवेदन दस्तुर | २३०.०० | २३०.०० |
| २ | १४२२१ | कोर्ट फी मिनाहा सिफारीस | निशुल्क | निशुल्क |
| ३ | १४२२४ | परीक्षा शुल्क | - | कार्यपालिकाले तोके बमोजिम |
| ४ | १४२२९ | निवेदन दस्तुर | २०.०० | २०.०० |
| ५ | १४२२९ | नो अव्जेक्सन सर्टिफिकेट दस्तुर | - | ५००.०० |
| ६ | १४२४१ | पार्किङ्ग शुल्क (बस, ट्रक, लरी, हेभी गाडी, ट्याक्टर, जीप) | ५०.०० | ५०.०० |
| ७ | १४२४१ | पार्किङ्ग शुल्क (मोटरसाइकल, ठेला गाडा, अटो रिक्सा र अन्य साधन) | १०.०० | १०.०० |
| | १४२४२ | नक्सा पास दस्तुर (प्रति वर्ग फिट) | | |
| ८ | १४२४२ | क वर्गका भवन आवासीय | - | १०.०० |

| | | | | |
|---|---|---|---|---|
| ९ | १४२४२ | क वर्गका भवन व्यापारिक तथा औद्योगिक | - | १३.०० |
| १० | १४२४२ | क वर्गका भवन संस्थागत | - | १३.०० |
| ११ | १४२४२ | ख वर्गका भवन आवासीय | - | ७.०० |
| १२ | १४२४२ | ख वर्गका भवन व्यापारिक तथा औद्योगिक | - | ९.०० |
| १३ | १४२४२ | ख वर्गका भवन संस्थागत | - | ८.०० |
| १४ | १४२४२ | ग वर्गका भवन आवासीय | - | ६.०० |
| १५ | १४२४२ | ग वर्गका भवन व्यापारिक तथा औद्योगिक | - | ८.०० |
| १६ | १४२४२ | ग वर्गका भवन संस्थागत | - | ७.०० |
| १७ | १४२४२ | घ वर्गका भवन आवासीय बजार क्षेत्र | - | ३.०० |
| १८ | १४२४२ | घ वर्गका भवन व्यापारिक तथा औद्योगिक बजार क्षेत्र | - | ४.०० |
| १९ | १४२४२ | घ वर्गका भवन संस्थागत बजार क्षेत्र | - | ८.०० |
| २० | १४२४२ | घ वर्गका भवन आवासीय ग्रामीण क्षेत्र | - | २.०० |
| २१ | १४२४२ | घ वर्गका भवन व्यापारिक तथा औद्योगिक ग्रामीण क्षेत्र | - | ३.०० |
| २२ | १४२४२ | घ वर्गका भवन संस्थागत ग्रामीण क्षेत्र | - | ६.०० |
| | १४२४२ | अभिलेखिकरण नक्सा पास दस्तुर (प्रति वर्ग फिट) | | |
| २३ | १४२४२ | क वर्गका भवन आवासीय | - | ८.०० |
| २४ | १४२४२ | क वर्गका भवन व्यापारिक तथा औद्योगिक | - | ८.०० |
| २५ | १४२४२ | क वर्गका भवन संस्थागत | - | ७.०० |
| २६ | १४२४२ | ख वर्गका भवन आवासीय | - | ८.०० |
| २७ | १४२४२ | ख वर्गका भवन व्यापारिक तथा औद्योगिक | - | ८.०० |
| २८ | १४२४२ | ख वर्गका भवन संस्थागत | - | ६.०० |
| २९ | १४२४२ | ग वर्गका भवन आवासीय | - | ६.०० |
| ३० | १४२४२ | ग वर्गका भवन व्यापारिक तथा औद्योगिक | - | ७.०० |
| ३१ | १४२४२ | ग वर्गका भवन संस्थागत | - | ५.०० |
| ३२ | १४२४२ | घ वर्गका भवन आवासीय | - | ३.०० |
| ३३ | १४२४२ | घ वर्गका भवन व्यापारिक तथा औद्योगिक | - | ४.०० |
| ३४ | १४२४२ | घ वर्गका भवन संस्थागत | - | ५.०० |

| | | | | |
|---|---|---|---|---|
| | १४२४३ | सिफारिस दस्तुर | | |
| ३५ | १४२४३ | घरजग्गा नामसारी सिफारीस (० देखि ९३-३-१५-रोपनी सम्म) | १७०.०० | १७०.०० |
| ३६ | १४२४३ | घरजग्गा नामसारी सिफारीस (१० देखि १९३-३-१५- रोपनी सम्म) | २२०.०० | २२०.०० |
| ३७ | १४२४३ | घरजग्गा नामसारी सिफारीस (२० देखि ५० रोपनीसम्म) | ३५०.०० | ३५०.०० |
| ३८ | १४२४३ | घरजग्गा नामसारी सिफारीस (५० रोपनीभन्दा माथि) | ७००.०० | ७००.०० |
| ३९ | १४२४३ | मोही लगत कट्टा सिफारीस (१ रोपनी सम्म) | १३०.०० | १३०.०० |
| ४० | १४२४३ | मोही लगत कट्टा सिफारीस (१ रोपनी भन्दा माथि) | २५०.०० | २५०.०० |
| ४१ | १४२४३ | सरजमिन सिफारीस दस्तुर | १३०.०० | २३०.०० |
| ४२ | १४२४३ | छात्रवृति सिफारीस | १३०.०० | १३०.०० |
| ४३ | १४२४३ | विपन्न असहाय/विद्यार्थी छात्रवृति सिफारीस | **निशुल्क** | **निशुल्क** |
| ४४ | १४२४३ | अपाङ्गता भएको सिफारीस | **निशुल्क** | **निशुल्क** |
| ४५ | १४२४३ | अस्थाइ बसोबास सिफारीस | १३०.०० | १३०.०० |
| ४६ | १४२४३ | स्थायी बसोबास सिफारीस | १३०.०० | १३०.०० |
| ४७ | १४२४३ | नागरिकता सिफारीस | १३०.०० | १३०.०० |
| ४८ | १४२४३ | विद्युत जडान सिफारीस | १३०.०० | १३०.०० |
| ४९ | १४२४३ | धारा जडान सिफारीस | १३०.०० | १३०.०० |
| ५० | १४२४३ | जीवित रहेको सिफारीस | १३०.०० | १३०.०० |
| ५१ | १४२४३ | दुबै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्म मिति संशोधन सिफारीस | १३०.०० | १३०.०० |
| ५२ | १४२४३ | व्यवसाय बन्द सिफारीस | १३०.०० | १३०.०० |
| ५३ | १४२४३ | व्यवसाय सञ्चालन नभएको सिफारीस | १३०.०० | १३०.०० |
| ५४ | १४२४३ | व्यापार व्यवसाय नभएको सिफारीस | १३०.०० | १३०.०० |
| ५५ | १४२४३ | नाबालक परिचयपत्र सिफारीस | १३०.०० | १३०.०० |
| ५६ | १४२४३ | चौपाया सम्बन्धी सिफारीस प्रति गोटा | २०.०० | २०.०० |
| ५७ | १४२४३ | व्यवसाय दर्ता सिफारीस | ५००.०० | ५००.०० |
| ५८ | १४२४३ | उद्योग ठाउँसारी सिफारीस | १०००.०० | १०००.०० |
| ५९ | १४२४३ | विद्यालय ठाउँसारी सिफारीस | ५००.०० | ५००.०० |
| ६० | १४२४३ | आन्तरिक बसाइसराइ सिफारीस | १३०.०० | १३०.०० |

| | | | | |
|---|---|---|---|---|
| ६१ | १४२४३ | विद्यालय सञ्चालन स्वीकृत कक्षा वृद्धि सिफारिस | १०००.०० | १०००.०० |
| ६२ | १४२४३ | व्यक्तिगत विवरण सिफारिस | १३०.०० | १३०.०० |
| ६३ | १४२४३ | नवीकरण सिफारीस | १३०.०० | १३०.०० |
| ६४ | १४२४३ | जग्गा दर्ता सिफारीस | १३०.०० | १३०.०० |
| ६५ | १४२४३ | सुकुम्बासि सिफारिस | **निशुल्क** | **निशुल्क** |
| ६६ | १४२४३ | संरक्षक सिफारीस व्यक्तिगत | १३०.०० | १३०.०० |
| ६७ | १४२४३ | संरक्षक सिफारीस संस्थागत | ५००.०० | ५००.०० |
| ६८ | १४२४३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारीस | २३०.०० | २३०.०० |
| ६९ | १४२४३ | कोठा खोल्न कार्य रोहबरमा बस्ने सिफारीस | १३०.०० | १३०.०० |
| ७० | १४२४३ | निशुल्क स्वास्थ्य उपचारको सिफारीस | **निशुल्क** | **निशुल्क** |
| ७१ | १४२४३ | सशुल्क स्वास्थ्य उपचारको सिफारीस | १३०.०० | १३०.०० |
| ७२ | १४२४३ | संस्था दर्ता सिफारीस | ५००.०० | ५००.०० |
| ७३ | १४२४३ | जग्गा धनीपुर्जा हराएको सिफारीस | १३०.०० | १३०.०० |
| ७४ | १४२४३ | अपुताली सिफारिस | ५८०.०० | ५८०.०० |
| | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर (घटना घटेको ३५ दिन पछि) | | |
| ७५ | १४२४४ | जन्म दर्ता | १३०.०० | १३०.०० |
| ७६ | १४२४४ | मृत्य दर्ता | १३०.०० | १३०.०० |
| ७७ | १४२४४ | बसाइसराइ जाने आउने दर्ता | १३०.०० | १३०.०० |
| ७८ | १४२४४ | सम्बन्ध विच्छेद दर्ता | १३०.०० | १३०.०० |
| ७९ | १४२४४ | विवाह दर्ता | १३०.०० | १३०.०० |
| ८० | १४२४५ | नाता प्रमाणित दस्तुर | १३०.०० | १३०.०० |
| | १४२४९ | अन्य दस्तुर | | |
| ८१ | १४२४९ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | १०००.०० | १०००.०० |
| ८२ | १४२४९ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | **निशुल्क** | **निशुल्क** |
| ८३ | १४२४९ | जग्गा मुल्याङ्कन प्रमाणित | **न्युनतम रु २०० वा बढिमा ०%०५.** | **न्युनतम रु २०० वा बढिमा ०%०५.** |
| ८४ | १४२४९ | चार किल्ला प्रमाणित | १३०.०० | १३०.०० |
| ८५ | १४२४९ | घटना दर्ता प्रमाणित | १३०.०० | १३०.०० |
| ८६ | १४२४९ | घर बाटो प्रमाणित बाटो भएको | ६००.०० | ६००.०० |
| ८७ | १४२४९ | घर बाटो प्रमाणित बाटो नभएको | १३०.०० | १३०.०० |
| ८८ | १४२४९ | घर पाताल प्रमाणित | १३०.०० | १३०.०० |
| ८९ | १४२४९ | कागज/मञ्जुरीनामा प्रमाणित | १३०.०० | १३०.०० |

| | | | | |
|---|---|---|---|---|
| ९० | १४२४९ | हकवाला वा हकदार प्रमाणित | २३०.०० | २३०.०० |
| ९१ | १४२४९ | अविवाहित प्रमाणित | १३०.०० | १३०.०० |
| ९२ | १४२४९ | प्रतिलिपी दस्तुर | १३०.०० | १३०.०० |
| ९३ | १४२४९ | नक्सा पास निवेदन फाराम दस्तुर | ५०.०० | ५००.०० |
| ९४ | १४२४९ | सरसफाई शुल्क मासिक | ५०.०० | ५०.०० |
| ९५ | १४२४९ | सरसफाइ कार्डको दस्तुर | १०००.०० | १०००.०० |
| ९६ | १४२४९ | घर खाली गराउँदा प्रति दिनको दस्तुर | ५००.०० | ५००.०० |
| ९७ | १४२४९ | अंग्रजी भाषामा अनुवाद गरिएको सिफारिस | ५००.०० | ५००.०० |
| ९८ | १४२४९ | संस्था दर्ता दस्तुर | - | १०००.०० |
| ९९ | १४२४९ | संस्था नवीकरण दस्तुर | - | ५००.०० |
| १०० | १४२४९ | सहकारी संस्था दर्ता दस्तुर | - | १०००.०० |
| १०१ | १४२४९ | सहकारी संस्था प्रतिवेदन विल्मब दस्तुर (बचत तथा ऋण र बहुउद्देश्य प्रकारका सहकारी) | - | १५००.०० |
| १०२ | १४२४९ | सहकारी संस्था प्रतिवेदन विल्मब दस्तुर (अन्य प्रकारको सहकारी) | - | १०००.०० |
| १०३ | १४२४९ | अन्य सिफारीस वा प्रमाणित | १३०.०० | १३०.०० |
| १०४ | १४२४९ | माथि उल्लिखित सिफारीस र प्रमाणित बाहेक कुनै निर्णय वा फैसला आदिको नक्कल आवश्यक परेमा प्रति पाना | १०.०० | १०.०० |

### ४.१४ दण्ड जरिवाना तथा छुट (राजश्व शीर्षक- १४३१२)

विशेष कानूनमा विशेष व्यवस्था भए भन्दा बाहेक प्रत्येक आर्थिक वर्षको वार्षिक तथा नविकरण शुल्क सोही आर्थिक वर्षको असोज मसान्त भित्र बुझाएमा सोही वर्षमा लाग्ने करमा १० प्रतिशतले छुटको व्यवस्था गरिनेछ । तर प्रथम चौमासिक समाप्त भएपछि कर वा शुल्क नबुझाउने व्यवसायी फर्मले दोस्रो चौमासीकको लागि १०%, तेस्रो चौमासिकको लागि १५% र त्यसभन्दा पछि वार्षिक २५% थप जरिवाना गरि असुल उपर गरिनेछ । नक्सा पास नगराई घर निर्माण गरेको हकमा कार्यपालिकाले निर्धारण गरे बमोजिमको जरिवाना लाग्नेछ ।तर यसरी जरिवाना तोक्दा नक्सा पास दस्तुर भन्दा बढी हुने छैन ।

## ५. आगामी आ.व. को राजश्व प्रक्षेपणः

आ.व. २०७८/७९ को लिखु गाउँपालिकाको राजश्व प्रक्षेपण देहाय बमोजिम रहेको छः

| राजश्व शिर्षक | शिर्षक | आ.व. २०७६/७७ को यथार्थ | आ.व. २०७७/७८ को संशोधित अनुमान | आ.व. २०७८/७९ को प्रक्षेपण |
|---|---|---|---|---|
| ११३११ | सम्पति कर | ३६०५०५ | ५४००६० | ६६०००० |
| ११३१४ | भूमिकरमालपोत/ | १२५८८६ | २७८५१७ | ३१०००० |
| ११३२१ | घर बहाल कर | १४४९९५ | १०५२८९ | १२०००० |
| ११३२२ | बहाल बिरौटी कर | १२००० | ३४६६७ | ६०००० |
| ११४७२ | विज्ञापन कर | ० | ० | १०००० |
| ११४७३ | मनोरञ्जन कर | ० | ० | १०००० |
| ११६१३ | व्यावसाय रजिष्टेशन दस्तुर | १७३१६१ | ३९१९०० | ४५०००० |
| ११६१४ | रेडियो सञ्चालन दस्तुर | १२६०० | ० | १५००० |
| ११६३१ | कृषि तथा पशुजन्य बस्तुको व्यवासायिक कारोबारमा लाग्ने कर | ० | ६४०० | १०००० |
| १४१५१ | सरकारी सम्पतीको बहालबाट प्राप्त आय | ० | ० | १२७०००० |
| १४१७२ | खानी रोयल्टी | ० | १०००००० | १०००००० |
| १४१७६ | पर्यटन सेवा शुल्क | ० | ० | १०००० |
| १४१७७ | घर जग्गा रजिष्ट्रेसन | ० | २५२९६६ | ३००००० |
| १४२१२ | सरकारि सम्पतिको बिक्रीबाट प्राप्त रकम | ० | १६५००० | ७०००० |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ८१००० | ० | १०००० |
| १४२२१ | न्यायिक दस्तुर | ३००० | ३३७५ | ५००० |
| १४२२४ | परिक्षा शुल्क | ४९३०० | ३८६०० | ४०००० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ४३७७४ | १३६८१३ | १५०००० |
| १४२४१ | पार्कीङ्ग शुल्क | ० | ० | १०००० |
| १४२४२ | नक्सा पास दस्तुर | ० | १०००० | १२०००० |
| १४२४३ | सिफारिस दस्तुर | ४४५८६४ | ३३७७३० | ४००००० |
| १४२४४ | व्याक्तिगत घटना दर्ता दस्तुर | २५५०० | ३३६८० | ४०००० |
| १४२४५ | नाता प्रमाणीत दस्तुर | ८१०२५ | ४४१०५ | ५०००० |
| १४२४९ | अन्य दस्तुर | ४२९६१ | ७७०२५ | ९०००० |
| १४३१२ | प्रशासनिक दण्ड जरिवाना र दस्तुर | २५९४०० | १७०० | १०००० |
| १५१११ | बेरुजु | २१९०० | १९४२३५ | २००००० |
| जम्मा | | १८,८२,८७०६३. | ३६,५२,०६२ | ५४,२०,००० |

## ६. निष्कर्षः

स्थानीय तहको वित्तीय सामर्थ्यमा वास्तविक रुपमा वित्तीय संघीयताको जग स्थापित रहेको हुन्छ । तसर्थ लिखु गाउँपालिकाको राजश्व क्षमतामा व्यापक अनुसन्धानमूलक ढंगले सुधार गरि आन्तरिक आय अभिवृद्धि गर्नुपर्ने आवश्यकता देखिन्छ ।

प्रतिवेदकः
शान्ता ढुंगेल
संयोजक, राजश्व परामर्श समिति